# मार्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## लटिनाथ, दार्चुला

## ७ नं. प्रदेश नेपाल

आर्थिक ऐन २०७४

# आर्थिक ऐन २०७४

# मार्मा गाउँपालिका लटिनाथ दार्चुला

## मार्मा गाउँपालिका लटिनाथ दार्चुला आर्थिक ऐन २०७४

**मार्मा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मार्मा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि मार्मा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषे ध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याअफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्यारफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# मार्मा गाउँपालिका लटिनाथ दार्चुला

## मार्मा गाउँपालिका लटिनाथ, दार्चुला राजश्व परामर्श समिति आन्तरिक आयको प्रक्षेपण आ.व. २०७४/०७५

| सि.न. | कर शिर्षक | अनुसूचि विवरण | जम्मा रकम (वार्षिक) |
|---|---|---|---|
| १ | सम्पति कर (घर कर) | अनुसूचि १ अनुसार | १५०००.० |
| २ | भूमि कर (मालपोत) | अनुसूचि २ अनुसार | १०००००.० |
| ३ | घर वहाल कर | अनुसूचि ३ अनुसार | ०.० |
| ४ | व्यवसाय कर | अनुसूचि ४ अनुसार | १७५०००.० |
| ५ | जडिबुटी, कवाडी र जीवजन्तु कर | अनुसूचि ५ अनुसार | ०.० |
| ६ | सवारी साधन कर | अनुसूचि ६ अनुसार | ३००००.० |
| ७ | विज्ञापन कर | अनुसूचि ७ अनुसार | ०.० |
| ८ | मनोरञ्जन कर | अनुसूचि ८ अनुसार | ०.० |
| ९ | बहाल बिरौटी शुल्क | अनुसूचि ९ अनुसार | १९०००.० |
| १० | पार्किङ शुल्क | अनुसूचि १० अनुसार | ०.० |
| ११ | ट्रेकिङ्ग,......र र्‍याफ्टीङ्ग शुल्क | अनुसूचि ११ अनुसार | ०.० |
| १२ | सेवा शुल्क, दस्तुर | अनुसूचि १२ अनुसार | १७७१००.० |
| १३ | पर्यटन शुल्क | अनुसूचि १३ अनुसार | ०.० |
| **जम्मा** | | | **५१६१००.०** |

आर्थिक ऐन २०७४

## मार्मा गाउँपालिका लटिनाथ दार्चुला

# अनुसूचि १

**शिर्षकः एकिकृत सम्पति कर**

**आ.व. २०७४/०७५**

| सि.न. | घर कर | वर्गिकरण | दर | अनुमानित संख्या | अनुमानित जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | स्लेटले छायको घरको | दुई तले सम्मको | १५ | | |
| | | दुई तले भन्दा माथिको | २० | | |
| २ | पक्कि घरको | दुई तले सम्मको | २० | | |
| | | दुई तले भन्दा माथिको | २५ | | |
| **जम्मा** | | | | | १५०००।०० |

**नोटः एकिकृत सम्पती कर प्रदेश कानुन अनुसार निर्धारण गरिनेछ।**

.............................................................................................................

# अनुसूचि २

**शिर्षकः भूमि कर (मालपोत)**

**आ.व. २०७४/०७५**

| सि.न. | दर | अनुमानित संख्या | अनुमानित जम्मा रकम |
|---|---|---|---|
| १ | ५ रोपनी सम्म रु १० र ५ रोपनी भन्दा माथि प्रतिरोपनी रु ३ थप हुँदै जाने। | २०००.० | १०००००.० |
| **जम्मा** | | | **१०००००.०** |

**नोटः जस्तै १५ रोपनिको ५ रोपनी सम्मको रु १० र थप १० रोपनीको १०×३= रु ३० गरी जम्मा रु ४० मालपोत कर हुने। भविष्यमा वैज्ञानिक आधारमा जग्गाको किसिमको आधारमा निर्धारण गरिने छ।**

# मार्मा गाउँपालिका लटिनाथ दार्चुला

## अनुसूचि ३

### शिर्षक: घर वहाल कर

### आ.व. २०७४/०७५

| सि.न. | घर वहाल कर | दर | अनुमानित संख्या | अनुमानित जम्मा रकम |
|---|---|---|---|---|
| १ | कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर,कोठा, पसल,ग्यारेज,गोदाम, टहरा,जग्गा पूरै वा आंशिक तवरले वहालमा दिएकोमा | वहाल (भाडा) को ५ प्रतिशत | ०.० | ०.० |
| जम्मा | | | | |

.....................................................................................................

## अनुसूचि ४

### शिर्षक: व्यवसाय कर

### आ.व. २०७४/०७५

| सि.न. | व्यवसाय,सेवा, उद्योग को वर्गिकरण | व्यवसाय, सेवा, उद्योग को भित्रि वर्गिकरण | दर (रु मा) | अनुमानित संख्या | अनुमानित जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | इजाजत प्राप्त मदिरा पसल | वितरक | ३०००।०० | ०.०० | ०.०० |
| | | थोक | २०००।०० | ०.०० | ०.०० |
| | | खुद्रा | १०००।०० | २५.०० | २५०००.०० |
| २ | स्टेशनरी तथा पुस्तक पसल | वितरक | २०००।०० | ०.०० | ०.०० |
| | | थोक | १५००।०० | ०.०० | ०.०० |
| | | खुद्रा | १०००।०० | ६.०० | ६०००.०० |
| ३ | इलेक्टोनिक पसल (मोबाइल, घडी, केबल, डिस होम, अडियो, भिडियो आदि) | वितरक | ३०००।०० | ०.०० | ०.०० |
| | | थोक | २०००।०० | ०.०० | ०.०० |
| | | खुद्रा | १५००।०० | ५.०० | ७५००.०० |
| ४ | हार्डवेयर, मेसिनरी | थोक | ५०००।०० | ०.०० | ०.०० |
| | | खुद्रा | ३०००।०० | ३.०० | ९०००.०० |
| ५ | दैनिक उपभोगका खाद्य पदार्थ बेच्ने किराना पसल | थोक | २०००।०० | ०.०० | ०.०० |
| | | खुद्रा | ५००।०० | ४०.०० | २००००.०० |
| ६ | होटल व्यवसाय | खाना, खाजा-नास्ता पसल | १०००।०० | १५.०० | १५०००.०० |
| | | चिया र खाजा पसल | ५००।०० | ३०.०० | १५०००.०० |
| ७ | व्यवसायीक कपडा सिलाई कटाई पसल | बजारमा व्यवसायीक गरिरहेका बाट मात्र कर लिने तर परम्परागत रुपमा बालीघरे गरिरहेका बाट कर नलिने । | ५००।०० | १०.०० | ५०००.०० |
| ८ | भाँडा वर्तन पसल (स्टील, | थोक | १०००।०० | ० | ० |

# मार्मा गाउँपालिका लटिनाथ दार्चुला

| | | | | | |
|---|---|---|---|---|---|
| | प्लास्टिक,आल्मुनियम लगायत सबै प्रकारका) | खुद्रा | ५००।०० | ५.०० | २५००.०० |
| ९ | पेन्टर तथा साइनबोर्ड लेख्ने | | १५००।०० | २.०० | ३०००.०० |
| १० | घट्ट कर सार्वजनिक लाइ मात्र | | १५००।०० | ६.०० | ९०००.०० |
| ११ | डेरी उद्योग तथा व्यवसाय | | २००।०० | ०.०० | ०.०० |
| १२ | सञ्चार | एफ.एम प्रसारण | २०००।०० | ०.०० | ०.०० |
| | | केवल च्यानल प्रसारण | २०००।०० | ०.०० | ०.०० |
| | | पत्र पत्रिका प्रकाशन सेवा | १०००।०० | ०.०० | ०.०० |
| | | फोटोकपी, पी.सि.ओ. साइबर तथा क्याफे | १०००।०० | ०.०० | ०.०० |
| | | कुरियर सेवा | १०००।०० | ०.०० | ०.०० |
| | | कलर ल्याब, फोटो स्टुडियो | १०००।०० | ३.०० | ३०००.०० |
| १३ | ब्युटी पार्लर तथा सैलुन | | ५००।०० | ०.०० | ०.०० |
| १४ | छापाखाना | | ५००।०० | ०.०० | ०.०० |
| १५ | वित्तीय सेवा | वाणिज्य वैंक प्रति शाखा , केन्द्रिय कार्यालय | ५०००।०० | ०.०० | ०.०० |
| | | विकास वेंक प्रति शाखा , केन्द्रिय कार्यालय | ५०००।०० | ०.०० | ०.०० |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ५०००।०० | ०.०० | ०.०० |
| | | वित्तीय तथा ऋण सहकारी संस्था | ३०००।०० | २.०० | ६०००.०० |
| | | मनी ट्रान्सफर | १५००।०० | ०.०० | ०.०० |
| | | विमा कम्पनी | ३०००।०० | ०.०० | ०.०० |
| | | लघु वित्त | १५००।०० | ०.०० | ०.०० |
| १६ | औषधि पसल | थोक | ३०००।०० | ०.०० | ०.०० |
| | | खुद्रा डाक्टर भएको | २०००।०० | ०.०० | ०.०० |
| | | खुद्रा डाक्टर नभएको | १०००।०० | ५.०० | ५०००.०० |
| १७ | आयुर्वेदिक औषधी पसल | | ५००।०० | ०.०० | ०.०० |
| १८ | मासु पसल | | १०००।०० | १.०० | १०००.०० |
| १९ | पोल्टी फर्म | | १०००।०० | ३.०० | ३०००.०० |
| २० | निजि विद्यालय, ट्युसन सेन्टर, कम्प्युटर सेन्टर | | १५००।०० | ०.०० | ०.०० |
| २१ | गा.पा. भित्र प्रधान कार्यालय रहेको निर्माण व्यवसायि | | २५००।०० | ०.०० | ०.०० |
| २२ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००।०० | ०.०० | ०.०० |
| | | अन्तराष्ट्रिय | ५०००।०० | ०.०० | ०.०० |
| २३ | रेटलिङ व्यवसायी (घुमन्ते व्यापारि जस्तै राडी पाखी, गलैचा, भाडाकुडा इत्यादि बिक्रि गर्ने) | प्रत्यक पटक एक हप्ता अवधिको लागि पास लिने | २५०।०० | १०.०० | २५००.०० |
| | स्लेट बिक्रि प्रति पिस | | ५।०० | ५००.०० | २५००.०० |
| २४ | बाँस निगालोको सामग्री बिक्रि प्रति पिस | सूप्पा, डोको, डालो, नाङ्लो, | ५।०० | १०००.०० | ५०००.०० |
| | | मोट्टो | ३०।०० | १०००.०० | ३००००.०० |
| २५ | ठेकेदार | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको | ३०००।०० | | |
| | | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको | २५००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको | २०००।०० | | |
| | | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको | १५००।०० | | |
| २६ | वातावरण शुल्क (मार्मा गा.पा. क्षेत्र भित्र रहेका चौलानी नदी, नौगाड खोला, घट्टे गाड लगायत अन्य नदीनाला लगायत अन्यश्रोतबाट गिट्टि, ढुङ्गा, वालुवा वापत) | टिप्पर प्रति ट्रिप | ५००।०० | | |
| | | ट्रक प्रति ट्रिप | ३००।०० | | |
| | | मिनि ट्रक/ट्याक्टर प्रति ट्रिप | १५०।०० | | |
| **जम्मा** | | | | | १७५०००.०० |

# अनुसूचि ५

**शिर्षकः जडिबुटी, कवाडी र जीवजन्तु कर**

**आ.व. २०७४/०७५**

| **सि.न.** | **जडिबुटी, कवाडी र जीवजन्तु कर** | **दर** | **अनुमानित संख्या** | **अनुमानित जम्मा रकम** |
|---|---|---|---|---|
| १ | पछि निर्धारण गरिनेछ । | ० | ० | ० |

आर्थिक ऐन २०७४

## मार्मा गाउँपालिका लटिनाथ दार्चुला

# अनुसूचि ६

### शिर्षकः सवारी साधन कर

### आ.व. २०७४/०७५

| सि.न. | सवारी साधनको किसिम | दर | अनुमानित संख्या | अनुमानित जम्मा रकम |
|---|---|---|---|---|
| १ | बस, ट्रक,लरी, जेसिवि, डोजर र हेभी गाडी | ५०००।०० | | ० |
| २ | भाडाका कार जिप | २०००।०० | | ० |
| ३ | निजी कार, जीप | २०००।०० | १५ | ३०००० |
| ४ | स्कुटर, मोटर साइकल तथा अन्य सवारी साधन | ५००।०० | | ० |
| ५ | पटके सवारी | ५०।०० | | ० |
| जम्मा | | | | ३०००० |

**दृष्टव्यः एक गाउँपालिका/नगरपालिकाले सवारी दर्ता तथा वार्षिक कर लिएपछि अर्को गाउँपालिका/नगरपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउनेछैन।**

..........................................................................................

# अनुसूचि ७

### शिर्षकः विज्ञापन कर

### आ.व. २०७४/०७५

| सि.न. | वर्गीकरण | दररेट वार्षिक | अनुमानित संख्या | अनुमानित जम्मा रकम |
|---|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | १००।०० | ० | ० |
| २ | पर्खाल भित्ता आदिमा पोतिएको प्रति वर्ग फूट | ५०।०० | ० | ० |
| ३ | पर्खाल भित्ता र पोल र सार्वजनिक स्थल आदिमा पर्चा टाँस गरेरको प्रति पर्चा A 4 Size paper | २।०० | ० | ० |
| ४ | गाडीमा टाँसेर गरिने | १००।०० | ० | ० |
| ५ | आकासमा टाँगेर गरिने (व्यानर) | १००।०० | ० | ० |
| ६ | साइनबोर्ड प्रति वर्ग फूट | २००।०० | ० | ० |
| **जम्मा** | | | ० | ० |

# मार्मा गाउँपालिका लटिनाथ दार्चुला

# अनुसूचि ८

### शिर्षक: मनोरन्जन कर

### आ.व. २०७४/०७५

| सि.न. | विवरण | वर्गिकरण | दररेट | अनुमानित संख्या | अनुमानित जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | मेला महोत्सव | प्रति दिन प्रति पसल/स्टल | १००।०० | ० | ० |
| २ | मेला महोत्सवमा जादु, सर्कस, चटक लगायत मनोरन्जनका कार्यक्रम संचालकबाट | प्रति दिन प्रति पसल/स्टल | ३००।०० | ० | ० |

........................................................................................................

# अनुसूचि ९

### शिर्षक: बहाल बिरौटी शुल्क

### आ.व. २०७४/०७५

| सि.न. | बहाल विरौटी शुल्क | वर्गिकरण | वर्गिकरण | दर | अनुमानित संख्या | अनुमानित जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका तथा वडा कार्यालयको हलभाडा प्रति दिन । | गाउँपालिका भित्रका कार्यालय संघ संस्थाको लागि | कार्यालयको प्रोजेक्टर प्रयोग नगरेमा | ५००।०० | ८ | ४०००।०० |
| | | | कार्यालयको प्रोजेक्टर प्रयोग गरेमा | १०००।०० | २ | २०००।०० |
| | | गाउँपालिका बाहिरका कार्यालय संघ संस्थाको लागि | कार्यालयको प्रोजेक्टर प्रयोग नगरेमा | १०००।०० | १० | १००००।०० |
| | | | कार्यालयको प्रोजेक्टर प्रयोग नगरेमा | १५००।०० | २ | ३०००।०० |
| **जम्मा** | | | | | | १९०००.०० |

# मार्मा गाउँपालिका लटिनाथ दार्चुला

## अनुसूचि १०

**शिर्षकः पार्किङ शुल्क**

**आ.व. २०७४/०७५**

| सि.न. | सवारी किसिम | दररेट प्रति दिन | अनुमानित संख्या | अनुमानित जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाइक | ५ | ० | ० | पार्किङ शुल्क व्यवस्थित बस पार्क बने पछि मात्र लागु हुने छ। |
| २ | कार | १० | ० | ० | |
| ३ | बस ट्रक | १० | ० | ० | |
| ४ | ट्रयाक्टर | १५ | ० | ० | |
| ५ | अन्य ह्येभि सवारी | १५ | ० | ० | |
| **जम्मा** | | | ० | ० | |

## अनुसूचि ११

**शिर्षकः ट्रेकिङ्ग....... र ऱ्याफ्टीङ्ग कर**

**आ.व. २०७४/०७५**

| सि.न. | ट्रेकिङ्ग....... र ऱ्याफ्टीङ्ग कर | दर | अनुमानित संख्या | अनुमानित जम्मा रकम |
|---|---|---|---|---|
| १ | ट्रेकिङ्ग....... र ऱ्याफ्टीङ्ग व्यवसाय सञ्चालन गरे वाफत कर | ३०००।०० | ० | ० |
| **जम्मा** | | | ० | ० |

# मार्मा गाउँपालिका लटिनाथ दार्चुला

# अनुसूचि १२

### शिर्षक: सेवा शुल्क, दस्तुर

### आ.व. २०७४/०७५

| सि.न. | सेवा शुल्क, दस्तुर, दर्ता शुल्क, दण्ड जरिवाना | वर्गिकरण | दर | अनुमानित संख्या | अनुमानित जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| **दर्ता शुल्क** | | | | | | |
| १ | व्यत्तिगत घटना दर्ता(पंजिकरण ३५ दिन भित्र निशुल्क, ३५ दिन पछि) | जन्म दर्ता | १००।०० | २०० | २००००.०० | |
| | | मृत्यु दर्ता | ५०।०० | ५० | २५००.०० | |
| | | बसाईसराई आउने जाने दर्ता | १००।०० | १० | १०००.०० | |
| | | सम्बन्ध विच्छेद दर्ता | १००।०० | ० | ०.०० | |
| | | विवाह दर्ता | १००।०० | ४० | ४०००.०० | |
| २ | नयाँ व्यवसाय दर्ता ( गाउँपालिकामा ) | १ लाख सम्मको | २००।०० | ३ | ६००.०० | |
| | | १ लाख देखि ५ लाख सम्मको | ३००।०० | ५ | १५००.०० | |
| | | ५ लाख देखि २० लाख सम्मको | ५००।०० | ५ | २५००.०० | |
| | | २० लाख देखि माथि | १०००।०० | २ | २०००.०० | |
| ३ | व्यवसाय नविकरण (गाउँपालिकामा) | १ लाख सम्मको | १००।०० | ० | ०.०० | |
| | | १ लाख देखि ५ लाख सम्मको | १५०।०० | ० | ०.०० | |
| | | ५ लाख देखि २० लाख सम्मको | २५०।०० | ० | ०.०० | |
| | | २० लाख देखि माथि | ५००।०० | ० | ०.०० | |
| ४ | व्यवसाय दर्ता सिफारिस (अन्य निकायलाई गाउँपालिका बाट दिनु परेमा) | मदिरा व्यवसाय बाहेक अन्य व्यवसायको लागि | ५००।०० | ५ | २५००.०० | |
| ५ | मदिरा व्यवसाय सिफारिस (नयाँ) | वितरक | १००००।०० | ० | ०.०० | |
| | | थोक | ५०००।०० | ० | ०.०० | |
| | | खुद्रा | ३०००।०० | ५ | १५०००.०० | |
| ६ | मदिरा व्यवसाय सिफारिस (नविकरण) | वितरक | ५०००।०० | ० | ०.०० | |
| | | थोक | ३०००।०० | ० | ०.०० | |
| | | खुद्रा | १०००।०० | ३० | ३००००.०० | |
| ७ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | घरेल हिंसा, महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक को लागि निशुल्क) | २००।०० | ० | ०.०० | |
| | **जम्मा** | | | | **८१६००.००** | |
| **सिफारिस र प्रमाणित** | | | | | | |
| ८ | घर जग्गा  नामसारी सिफारिस | ५ रोपनी सम्म | १००।०० | २५ | २५००.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ५ देखि १० रोपनी सम्म | १५०।०० | १५ | २२५०.० | |
| | | १० देखि २० रोपनी सम्म | २००।०० | १० | २०००.० | |
| | | २० देखि ५० रोपनी सम्म | ३००।०० | ५ | १५००.० | |
| | | ५० रोपनी भन्दा माथि | ५००।०० | २ | १०००.० | |
| | **उदाहरणः ठीक १० रोपनी जग्गा छ भने रु २०० लाग्नेछ ।** | | | | | |
| ९ | मोही लगत कट्टा सिफारिस | १ रोपनी सम्मको | १००।०० | २ | २००.० | |
| | | १ रोपनी भन्दा माथि | २००।०० | ४ | ८००.० | |
| १० | घर कायम सिफारिस | पक्की घर ( प्रति वर्ग फिट) | २।०० | ३ | ६०००.० | |
| | | कच्ची घर ( प्रति वर्ग फिट) | १।०० | २ | २०००.० | |
| ११ | घर सम्पन्न सिफारिस/प्रमाणित | पक्की घर | १०००।०० | २ | २०००.० | |
| | | कच्ची घर | ५००।०० | २ | १०००.० | |
| १२ | घर नक्सापास दस्तुर | पक्की घर | २०००।०० | ३ | ६०००.० | |
| | | कच्ची घर | ५००।०० | ० | ०.० | |
| १३ | छात्रवृत्ति सिफारिस | | १०० | ५ | ५००.० | |
| १४ | विपन्न, असहाय विद्यार्थी छात्रवृत्ति सिफारिस | | निशूल्क | ० | ०.० | |
| १५ | अपाङ्गता सिफारिस | | निशूल्क | ० | ०.० | |
| १६ | आन्तरिक बसाइसराइ सिफारिस | | १००।०० | २ | २००.० | |
| १७ | अस्थाई बसोबास सिफारिस | | १००।०० | २ | २००.० | |
| १८ | स्थायी बसोबास सिफारिस | | १०० | २ | २००.० | |
| १९ | नागरिकता सिफारिस (प्रतिलिपि पनि) | वंशज | १००।०० | ३५० | २७००.० | |
| | | अंगिकृत | ५००।०० | ३ | १५००.० | |
| २० | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५००।०० | ० | ०.० | |
| २१ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | ५०।०० | १० | ५००.० | |
| २२ | विद्युत जडान सिफारिस | व्यक्तिगत | १००।०० | ० | ०.० | |
| | | संस्थागत | ५००।०० | ० | ०.० | |
| २३ | धारा जडान सिफारिस | व्यक्तिगत | १००।०० | ० | ०.० | |
| | | संस्थागत | ५००।०० | ० | ०.० | |
| २४ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | | १००।०० | २५ | २५००.० | |
| २५ | जग्गा मूल्याङ्कन सिफारिस/प्रमाणित | | रु १००० मा रु १ | ५ | ५००.० | |
| २६ | व्यवसाय बन्द सिफारिस | | १००।०० | ५ | ५००.० | |
| २७ | व्यवसाय सञ्चालन नभएको सिफारिस | | १००।०० | ५ | ५००.० | |

# मार्मा गाउँपालिका लटिनाथ दार्चुला

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | व्यापार व्यवसाय नभएको सिफारिस | | १००।०० | ५ | ५००.० | |
| २९ | कोर्ट फि मिनाहा सिफारिस | | निशूल्क | ० | ०.० | |
| ३० | नावालक रिचयपत्र सिफारिस | | ५०।०० | ५ | २५०.० | |
| ३१ | चौपाय सम्बन्धी सिफारिस | | ५०।०० | ० | ०.० | |
| ३२ | स्थानीय तह भित्र उद्योग/ व्यापार व्यवसाय ठाउँसारी जाने भए सम्बन्धीत वडा कार्यालयको अनुमतिपत्रको सिफारिस (जुन वडामा सरेर आउने हो त्यस वडाकार्यालयले दिने) | | १००।०० | २ | २००.० | |
| ३३ | उद्योग व्यापार व्यवसाय ठाउँसारी सिफारिस ( जुन वडाबाट सरेर जानेहो त्यस वडाकार्यालयले दिने) | | ५००।०० | २ | १०००.० | |
| ३४ | विद्यालय ठाउँसारी सिफारिस | | ५००।०० | १ | ५००.० | |
| ३५ | विद्यालय सञ्चालन स्वीकृती/कक्षा बृद्धि तथा विषय थप सिफारिस | | ५००।०० | २ | १०००.० | |
| ३६ | विद्यालय लगायत सरकारी गैरसरकारी सघ संस्थामा स्थायी अस्थायी, करार, ज्यालादारी शिक्षक, कर्मचारी नियुक्ति सिफारिस | | २००।०० | ५ | १०००.० | |
| ३७ | व्यत्तिगत विवरण सिफारिस/नवीकरण/वायोडाटा प्रमाणित | | १००।०० | ५ | ५००.० | |
| ३८ | जग्गा दर्ता सिफारिस | | २००।०० | ० | ०.० | |
| ३९ | संरक्षक सिफारिस | व्यक्तिगत | १००।०० | ३ | ३००.० | |
| | | संस्थागत | २००।०० | ० | ०.० | |
| ४० | नेपाल सरकारको नाममा बाटो सिफारिस | | २००।०० | २ | ४००.० | |
| ४१ | जिवित सँगको नाता प्रमाणित | | १००।०० | ६ | ६००.० | |
| ४२ | मृतक सँगको नाता प्रमाणित | | ५०।०० | १० | ५००.० | |
| ४३ | कोठा खोल्न कार्य/रोहबरमा बस्ने कार्य | | १००।०० | ० | ०.० | |
| ४४ | स्वास्थ्य उपचार सिफारिस | निशुल्क उपचारको लागि | निशूल्क | ० | ०.० | |
| | | सशुल्क उपचारको लागि | १००।०० | ० | ०.० | |
| ४५ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | | १००।०० | ५ | ५००.० | |
| ४६ | संस्था दर्ता सिफारिस सुचिकृत गर्ने | | ५००।०० | ० | ०.० | |
| ४७ | घर बाटो प्रमाणित | बाटो भएको | २००।०० | २ | ४००.० | |
| | | बाटो नभएको | १००।०० | २ | २००.० | |
| ४८ | चार किल्ला प्रमाणित | प्रति कित्ताको | १००।०० | २ | २००.० | |
| ४९ | जन्म मिति प्रमाणित | | १००।०० | १५ | १५००.० | |
| ५० | विवाह प्रमाणित | | १००।०० | ५ | ५००.० | |
| ५१ | घर पाताल प्रमाणित | | १००।०० | ० | ०.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५२ | कागज/मञ्जुरीनामा प्रमाणित | | १००।०० | ० | ०.० | |
| ५३ | हकवाला वा हकदार प्रमाणित | | १००।०० | ० | ०.० | |
| ५४ | अविवाहित प्रमाणित | | १००।०० | ० | ०.० | |
| ५५ | अपुताली प्रमाणित | | २००।०० | ० | ०.० | |
| ५६ | जग्गा रेखांकनको कार्य/सो कार्यमा रोहबर | | १००।०० | ० | ०.० | |
| ५७ | जग्गा धनीपूर्जा हराएको सिफारिस | | १००।०० | ५ | ५००.० | |
| ५८ | पुर्जामा घरकायम गर्ने सिफारिस | | १००।०० | ० | ०.० | |
| ५९ | अंग्रेजी सिफारिस तथा प्रमाणित | | २००।०० | १० | २०००.० | |
| ६० | मिलापत्र कागज/उजुरी दर्ता | | १००।०० | ० | ०.० | |
| ६१ | तीन पुस्ते प्रमाणित/सिफारिस | | १००।०० | ० | ०.० | |
| ६२ | जीवित रहेको सिफारिस | | १००।०० | ० | ०.० | |
| ६३ | सर्जमिन सिफारिस | | १००।०० | ० | ०.० | |
| ६४ | संस्थागत सिफारिस | | ५००।०० | २ | १०००.० | |
| ६५ | समूह दर्ता सिफारीस | | २००।०० | १० | २०००.० | |
| ६६ | बैंक तथा वित्तिय संस्था सिफारिस | | ५००।०० | | | |
| ६७ | योजना सम्पन्न सिफारिस गा.पा.वाहेक अन्य निकायवाट संचालितको हकमा | १ लाख देखी ५ लाख सम्मको योजना | २५०।०० | | | |
| | | ५ लाख देखी १० लाख सम्मको योजना | ५००।०० | | | |
| | | १० लाख देखी १५ लाख सम्मको योजना | १०००।०० | | | |
| | | १५ लाख देखी २० लाख सम्मको योजना | २०००।०० | | | |
| | | २० लाख देखी ३० लाख सम्मको योजना | ३०००।०० | | | |
| | | ३० लाख देखी ४० लाख सम्मको योजना | ३५००।०० | | | |
| | | ४० लाख देखी ५० लाख सम्मको योजना | ४०००।०० | | | |
| | | ५० लाख देखी १ करोड सम्मको योजना | ४५००।०० | | | |
| | | १ करोड देखि ५ करोड सम्मको योजना | ५०००।०० | | | |
| | | ५ करोड भन्दा माथिको | १००००।०० | | | |
| ६८ | विदेशका लागि सिफारिस (अध्ययन लगायत अन्य) | सार्क मूलूक भित्र | १००।०० | | | |
| | | सार्क मूलूक बाहिर | ५००।०० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६९ | यस गाउँपालिकाबाट कर, दस्तुर, महशुल आदि बुझाएको भनि लिएको प्रमाणपत्रहरु हराएमा प्रतिलिपी प्रमाणपत्र लिन | | ५०।०० | | | |
| ७० | उल्लेखित बाहेकका अन्य कुनै पनि सिफारिस तथा प्रमाणित गर्नु पर्ने भएमा | | १००।०० | | | |
| | जम्मा | | | | ५२६००.० | |
| दैवी प्रकोप र जेष्ठ नागरिक भत्ता प्राप्तिको लागि गरिने मन्जूरनामाको सिफारिस निशूल्क हूनेछ । | | | | | | |
| यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन संग नबाझिने गरि कार्यपालिकाले निर्णय गरेबमोजिम हूनेछ । | | | | | | |
| **दण्ड जरिवाना** | | | | | | |
| ७१ | सार्वजनिक स्थलमा धुम्रपान गरेमा | | १००।०० | ५ | ५००.० | |
| ७२ | सार्वजनिक स्थलमा जुवातास खेलेमा | सर्ब साधारण व्यक्ति | १००।०० | ६ | ६००.० | |
| | | सार्वजनीक पद धारण गरेको व्यक्ति | ५००।०० | ४ | २०००.० | |
| ७३ | खुला दिसापिसाब गरेमा | सर्ब साधारण व्यक्ति | १००।०० | ३ | ३००.० | |
| | | सार्वजनीक पद धारण गरेको व्यक्ति | ५००।०० | ४ | २०००.० | |
| ७४ | मदिरा सेवन गरि होहल्ला गरेमा, अर्काको गालि गलौच गरेमा, झैझगडा गरेमा, समाजमा हिंसाजन्य कार्य गरेमा | | यस्तो कार्य गरे वापत पहिलो पटकको लागि सम्बन्धित व्यक्ति लाई रु २५०० र सो कार्य दोहोऱ्याउँदै गरेमा थप १० प्रतिशतका दरले प्रत्येक पटकको लागि दण्ड जरिवाना बढ्दै जाने छ। | ५ | १२५००.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७५ | अवैध मदिरा बिक्रिवितरण गरेमा, निर्धारित समय (दिउँसो २ देखि बेलुका ९ बजे सम्म) भन्दा अन्य समयमा मदिरा बिक्रिवितरण गरेमा, सार्वजनिक स्थल, कार्यालय, मठ, मन्दिरको २०० मिटर आसपास  मदिरा बिक्रिवितरण गरेमा, १८ वर्ष मुनिकाले र १८ मुनिकालाई मदिरा बिक्रिवितरण गरेमा लगायत अन्य प्रचलित ऐन, कानुन विपरित गरेमा | | यस्तो कार्य गरे वापत पहिलो पटकको लागि सम्बन्धित मदिरा व्यवसायिलाई रु ५००० र सो कार्य दोहोऱ्याउँदै गरेमा थप १० प्रतिशतका दरले प्रत्येक पटकको लागि दण्ड जरिवाना बढ्दै जाने छ। | ५ | २५०००.० | |
| **जम्मा** | | | | | **४२९००.०** | |
| **कूल जम्मा** | | | | | **१७७१००.०** | |

.......................................................................................................

# अनुसूचि १३

### शिर्षकः पर्यटन शुल्क

### आ.व. २०७४/०७५

| **सि.न.** | **पर्यटन शुल्क** | **दर** | **अनुमानित संख्या** | **अनुमानित जम्मा रकम** |
|---|---|---|---|---|
| १ | प्रदेश कानुन बमोजिम हुनेछ। | ० | ० | ० |